वर्ष ४६, ३०, -४८

# राष्ट्रनिर्माताको नेपाल सुरक्षा नीति



- डा. विपिन अधिकारी *

हरेक राष्ट्रनिर्माताले आफूले निर्माण गरेको मुलुकको निरन्तर सुरक्षा कसरी कायम राख्ने भन्ने कुरा सोचेको हुन्छ । यस्तो सोचाईको दुईवटा पक्ष हुन्छन् । पहिलो पक्ष भनेको निर्माण गरिएको मुलुकको स्याहार-सम्भार र आन्तरिक शान्तिसुव्यवस्था कसरी कायम गर्ने भन्ने हो । दोस्रो पक्षका रुपमा मुलुकको बाह्य सुरक्षा पर्दछ । यी दुवै एकअर्कासँग सम्बन्धित विषय हुन् । आन्तरिक सुरक्षा गर्न नसक्ने मुलुकले बाह्य सुरक्षाका लागि काम गर्न सक्दैन । त्यस्तै बाह्य सुरक्षा हुन सकेन भने आन्तरिक परिस्थिति पनि अर्काको हातमा जाने अवस्था आउन सक्छ । नेपाल राष्ट्रका निर्माता पृथ्वीनारायण शाह [१७२३-१७७५] ले नवएकीकृत मुलुकका सम्बन्धमा नेपालको कस्तो सुरक्षा नीतिको चाहना गरेका थिए भन्ने विषयलाई यो लेखमा संक्षिप्त रुपमा चर्चा गर्न खोजिँदैछ ।

पृथ्वीनारायण शाहका मूल्यमान्यताका बारेमा जानकारी दिने एउटा मात्र बलियो स्रोत दिव्य उपदेश नै हो । तर यो कुन मितिमा सार्वजनिक गरिएको थियो भनी यकीन रुपमा भन्न सकिने कुनै प्रमाण उपलब्ध छैन । दिव्य उपदेशमा तीन सहर नेपाल र हिन्दुपतिको राज्य लिएपछि यो उपदेश दिएको भनी उल्लेख गरिएको छ । तिनताका मकवानपुर तथा विजयपुरका शासकहरूले हिन्दुपतिको उपाधि धारण गरेका थिए । यसका आधारमा भन्दा यो उपदेश सन् १७७३ तिर टिपाइएको हुनसक्छ । पृथ्वीनारायण सन् १७७५ मा बितेका थिए । अतः यसलाई उनको समग्र जीन्दगीको अनुभव, परिपक्वता वा मृत्युकालीन घोषणा भन्न सकिन्छ । दिव्योपदेश जहिले जारी भए पनि इतिहासकार बाबुराम आचार्य र योगी नरहरिनाथले दिव्य उपदेशको रुपमा यसको नामाकरण गरेका थिए । काठमाण्डौको केलटोलमा प्रजातन्त्रको आगमन पछि काजी अभिमानसिंह बस्नेतको घरमा यो फेला परेको थियो । यसको कतिपय शब्दहरूको पुरानो ठेट अर्थ के थियो भनी पत्ता लगाउन गाह्रो छ भने केही वाक्यहरू अपूरो पनि देखिन्छन् । यो दिव्य उपदेश समय-समयमा हस्तलिखित दस्तावेजका रुपमा विभिन्न व्यक्ति तथा सरकारी निकायहरूलाई वितरण गरिएको बुझ्न सकिन्छ । तर यसको प्रयोगका सम्बन्धमा ऐतिहासिक तथ्यहरू प्राप्त भएको देखिँदैनन् ।

दिव्य उपदेश धेरै अर्थमा एउटा महत्वपूर्ण दस्तावेज हो । यसमा नेपालका नयाँ संस्थापक राजाका रुपमा पृथ्वीनारायण शाहको मनस्थिति, उनको राज्य विस्तारको अभिलाषा र यसका लागि अपनाएका रणनीति, सैन्य परिचालनका तौरतरिकाहरू तथा नयाँ नेपालको सुत्राधारका रुपमा आफ्नो नयाँ मुलुकका लागि देखिएको सपना इत्यादि सबै पाउन सकिन्छ । यसै प्रसंगमा राष्ट्रिय सुरक्षाका बारेमा पृथ्वीनारायणको संवेदनशिलता पनि देखा पर्दछ । तर दिव्य उपदेशको अध्ययन गर्दा तात्कालीन नेपाल वा यस क्षेत्रको स्तरका आधारमा गर्नुपर्दछ ।

यहाँ के बुझ्नु जरुरी छ भने अठारौं शताब्दिको मध्यकाल एउटा सामन्तवादी राज्यप्रणालीको उत्कर्ष थियो । कानुनको शासन कतै थिएन । आफ्नो सामुदायिक संस्कृति, धर्मशास्त्र र राजा महाराजाहरूको आदेशका आधारमा शासन चल्दथ्यो । मौलिक अधिकारको अवधारणाको विकास भइसकेको थिएन । शिक्षा प्रदान गर्ने कुनै संगठित संरचना थिएन । लगभग कबिला अवस्थामा समाज चलेको थियो । मान्छेले जाने अनुसार धर्म, कर्म र सामुदायिक शिष्टाचारका आधारमा राम्रो नराम्रो कुरालाई परिभाषित गर्दथे । समाजशास्त्र भन्ने कुनै अवधारणा नै थिएन । प्रजातन्त्रको सोच थियो होला, तर संरचनाहरूको विकास भइसकेको थिएन । जो शक्तिशाली थिए, उसैले प्रजातान्त्रिक अवधारणाहरूलाई निकास दिनुपर्थ्यो । सैन्यबल बाहेक राज्य सुरक्षाको अवधारणा समाजमा व्याप्त थिएन ।

राजनीतिक रुपमा पनि त्यो अत्यन्त अस्थिर समय थियो । उत्तर र दक्षिण तर्फका शासकहरू नेपाली वा यस खण्डका बाइसे चौबिसे राज्य फरक परिस्थितिको सामना गर्दै थिए । यसमध्ये कतिपय बलिया थिए भने कतिपय धर्मयुद्धमा होमिएका थिए । यस क्षेत्रमा साम्राज्यवाद सुरु भइसकेको थियो । हिमवत् खण्डमा स्वाभिमानको कमी थियो । यस्तो अवस्थामा यस खण्डको सुरक्षा एउटा चुनौतीपूर्ण प्रश्न थियो । आज पृथ्वीनारायण शाहका बारेमा अध्ययन गर्न बस्दा त्यसबेलाका ती

मापदण्डले हेर्नुपर्दछ । आजको मापदण्डले हेर्ने हो भने अमेरिकाका संस्थापक जर्ज वासिंगटन (१७३२-१७९९) तथा प्रजातन्त्रका प्रवर्तक अब्राहम लिंकन (१८०९-१८६५), जर्मनका संस्थापक अट्टोभान विस्मार्क (१८१५-९८), इटलीका एकीकरणकर्ता जुस्सेप गरिबाल्डी (१८०७-८२) वा प्रधानमन्त्री काभोर (१८१०-६१) र भारतका राष्ट्रपिता महात्मा गान्धी (१८६९-१९४८) सबैलाई दिइएको पुरानो सम्मान फिर्ता गर्नुपर्ने हुन्छ । तर त्यसो गर्नु तत्कालका अवस्थामा उनीहरूले राष्ट्रनिर्माणका लागि गरेको योगदानको अवमूल्यन हुन्छ । पृथ्वीनारायण शाहको सम्बन्धमा पनि यही धरातलमा अध्ययन गरिनु पर्दछ ।

राष्ट्रिय सुरक्षा भनेको आफ्नो राष्ट्रको अविच्छिन्न अस्तित्व वा उत्तरजीवितालाई कायम राख्ने अवधारणा हो । इतिहासमा धेरै राज्यहरूको निर्माण र अवसान भएका छन् । तर त्यस्ता राज्यहरू मात्र टिकेका हुन्छन्, जसले आफ्नो सुरक्षा आफ्नो क्षमता, बलबुद्धि र कुटनीतिका आधारमा कायम राखेका हुन्छन् । राष्ट्रिय सुरक्षाका लागि यसको चारकिल्ला कायम गर्ने । त्यस्तो चारकिल्लालाइ कसरी निरन्तर जोगाउने ? आफ्नो जनताको हितमा दौत्य सम्बन्ध कसरी विस्तार गर्ने ? बाँच्न वा समृद्धि प्राप्त गर्न मुलुकका लागि उचित कुटनीति के हो ? शक्तिको प्रदर्शन कुन रुपमा गर्दा राष्ट्र बलियो रहिरहन सक्छ ? मुलुक धान्न राजनीतिक शक्तिको निर्माण कसरी गर्ने ? तथा आर्थिक शक्ति कसरी प्राप्त गर्ने ? भन्ने कुरा अत्याधिक रुपमा महत्वपूर्ण हुन्छन् । यी सबै परिप्रेक्ष्यमा सैन्यशक्तिको महत्व ऐतिहासिक रुपमा नै पुष्टि हुँदै आएको छ । तर सैन्यशक्तिको क्षमता पनि धेरै हदसम्म असैन्य शक्ति तथा आर्थिक सुरक्षा र राष्ट्रिय समाजले स्थापित गरेको मूल्यमान्यतामा भर पर्दछ ।

अतः हरेक मुलुकमा बाह्य धम्की वा अत्याचारबाट आन्तरिक जीवनपद्धति, आफ्नो समाजले पत्याएको मूल्यमान्यता, शासन प्रणाली तथा राजनीतिक संगठनहरूलाई जोगाउनका लागि पनि राष्ट्रिय सुरक्षा नीति चाहिन्छ । आधुनिक समयमा राष्ट्रिय सुरक्षामा दीर्घकालीन आर्थिक सुरक्षा, स्वतन्त्र तथा निरन्तर रुपमा इन्धन आपूर्तिको व्यवस्था, आन्तरिक वातावरणीय सुरक्षा - बाढीपहिरो, भुकम्पजस्ता दैवीप्रकोप, इत्यादि जस्ता विषयहरू पनि पर्दछन् । त्यसैले सुरक्षा नीतिको कुरा गर्दा अन्य मुलुकबाट आइपर्ने सुरक्षा खतराको मात्र नभई आन्तरिक रुपमा देखा पर्ने हिंस्रक गैरराज्य वा गैरसरकारी संगठनबाट हुने असुरक्षालाई पनि महत्वका साथ हेरिन्छ । साना देशहरूको सुरक्षा संवेदनशिलतामा पैसावाल बहुराष्ट्रिय कम्पनीहरू तथा गैरसरकारी संस्थाहरू पनि पर्दछन् । त्यसैले राष्ट्रिय सुरक्षाको कुरा गर्दा राज्यले ती सबै पक्षमा ध्यान पुऱ्याउनु पर्दछ । सुरक्षाको विषयमा सबैभन्दा बढी संलग्न भएकाले सेनाले यी सबै सुरक्षा विषयमा चासो राख्दछ । यस्तो चासोलाई आवश्यकता भन्दा बढी सार्वजनिक पनि गरिँदैन ।

राष्ट्रिय स्वार्थका विषयमा प्रत्येक मुलुकले पहिले आफ्नो देशको हितमा के छ ? त्यसलाई सोच्नु पर्दछ । सही के हो ? गलत के हो ? भन्ने विवाद आफ्नो ठाउँमा होला । तर आफूलाई आधारभूत रुपमा असुरक्षा हुने कुरालाई प्रत्येक मुलुकले संवेदनशिल भएर हेर्नुपर्ने हुन्छ । राष्ट्रिय सुरक्षा सुनिश्चित गर्नका लागि जोजोसँग सहकार्य वा सम्बन्ध राख्दा यसको प्रवर्द्धन हुन्छ, राज्यले तिनीहरूसँग आफ्नो सम्बन्ध गाँस्नुपर्ने हुन्छ । त्यस्तै जहाँजहाँबाट राज्यलाई डर, खतरा, आशंका वा आतंकको सम्भावना हुन्छ, त्यस-त्यसलाई अलग गरी हिँड्नु पर्ने हुन्छ । जहाँ तटस्थ बस्नु पर्ने हो वा तटस्थ बस्दाखेरि मुलुकको सुरक्षा हुन्छ भने आवश्यकता अनुसार तटस्थ पनि बस्न सक्नु पर्दछ । आर्थिक क्षमतालाई आफ्नो देशको दिगो विकासका लागि प्रयोग गर्नु त्यति नै महत्वपूर्ण छ, जति आर्थिक सहयोगको माध्यमबाट आफ्ना लागि सकारात्मक परिस्थितिको विकास गर्नु जरुरी हुन्छ । जबसम्म संवेदनशिल क्षेत्रहरूमा मुलुकले आधारभूत पूर्वाधारहरू तयार गर्न सक्दैन, राष्ट्रिय सुरक्षा चुनौती कम हुँदैनन् । यसो त मुलुकको सेना राष्ट्रप्रति समर्पित, अनुशासित, दक्ष र अत्याधुनिक प्रविधियुक्त नभइकन राष्ट्रिय सुरक्षा चिन्ता कम हुँदैनन् । तर त्यसका साथसाथै नागरिक प्रतिरक्षाको व्यवस्थाको कार्यान्वन गर्ने तथा संकटकालका अवस्थामा जनधनको सुरक्षा गर्न सक्ने गृह प्रशासनको महत्व पनि कम छैन । तर आन्तरिक आतंकवादका चुनौतीहरूलाई अब केवल गृह प्रशासनले मात्र धान्न सक्ने अवस्था नरहन सक्दछ । यस परिप्रेक्ष्यमा उच्च स्तरको गुप्तचर सेवाको प्रयोग, जासुसी व्यवस्था र वर्गीकृत संसूचनाहरू प्राप्त गर्ने र सुरक्षा संवेदनशिल क्षेत्रहरूमा दुश्मनको मुकाविला गर्ने प्रणालीले पनि महत्व राख्दछ । आजकाल गुप्तचर प्रहरी तथा विदेशी जासुसहरूको जासुसी गर्ने प्रणाली पनि त्यत्तिकै महत्वपूर्ण मानिन्छ । अत्याधुनिक अवधारणाहरू यिनै हुन् । नागरिक संरचनाहरूले यी सबै विषयलाई अध्ययन गरिरहेका हुन्छन् । तर सुरक्षा नीति तथा सामरिक प्रयोगको दृष्टिले यसलाई सेनाले उच्च महत्वका साथ हेरिरहेको हुन्छ ।

दिव्य उपदेश कुनै पुस्तक होइन । यसमा महत्वपूर्ण सुत्रहरू सुत्रबद्ध रुपमा छन् । तिनलाई व्याख्या गरिएको छैन । तथापि आन्तरिक सुरक्षा नीतिका रुपमा पृथ्वीनारायण शाहले एकीकृत नेपाललाई चारजात छत्तीस वर्णको साझा फूलबारीका रुपमा देख्न चाहेको दिव्य उपदेशमा प्रष्ट पढ्न सकिन्छ । यसमा "[नेपाल] मेरा साना दुषले आर्ज्याको मुलुक होइन. सबै जातको फूलबारी हो सबैलाई चेतना भया । यो फूलबारीको छोटा बडा चारै जात छत्तिसै बर्नले [सम्भार गर्नु पर्दछ]" भन्ने उल्लेख हुनु समयभन्दा धेरै अगाडिको स्तरका रुपमा लिनु पर्दछ । यसै परिपक्वताका आधारमा उनले जनताले मन पराएकालाई प्रधानमन्त्री (काजी) बनाउने गरेको दिव्य उपदेशमा प्रष्ट हुन्छ । उनले भनेका छन् "दुनिँञा जसदेषी राजि रहन्छन् उसैलाई कजाई दिनु भन्ने सास्त्रमा पनि कहेको छ । दुनिँआँमा बुझिहेरु भनि बुझि हेर्दा दुनित्राँबाट पनि कालु पांडेको चाहा रहेछ र कालु पांडेलाई कजाई दिनुभया हामी दुनिँञादारमा छाहारि रहदो हो भन्या सल्लाहा दिया र. अब बाइसि चौबिसिले क्या भन्छन् भनि बुझ्नु हुंदा. बाईसि चौबिसिबाट पनि कालु पाडेकै चाहा रहेछ र कालु पांडेलाई कजात्रि भया घाहा घराइस

बलियो राषन्यैछ भन्ने सल्लाह दिया. मेरो मनमा ता बिराज बषेतिलाइ कजाई दिन आटेको थियो । तर ज्याधा बुद्धी कालु पांडेकै ठहऱ्यो र कालु पांडेलाइ कजात्रि भयाको हो ।" आन्तरिक परिस्थितिलाई स्थिर र प्रभावकारी बनाई एकीकरण कार्य सम्पन्न गर्न "पाडेको ढाल् बस्न्यात्‌को तरबार" जोड्न उनले पांडे र बस्न्यातको बिहेबारी चलाइदिएर जुग बसाइदिएका थिए ।

नयाँ नेपालमा आन्तरिक परिस्थिति बलियो बनाउन उनले उल्लेख गरेको अर्को महत्वपूर्ण नीति भनेको "राजाका भण्डार भन्याका रैतानहरू हुन् ।" भन्ने हो । "प्रजा मोटा भया दरबार बलियो रहन्छ" उनको स्पष्ट सन्देश छ । पृथ्वीनारायण शाह स्थानीय नियमहरूबाट बाँधिएका थिए र तिनको सम्मान गर्दथे । नेपाल एकीकरण गर्न निस्कनु अघि साइत पार्न मगर पुजारी भएको सल्लान्‌कोटकी माइको दर्शन जाँदा उनले आफूले "माईको दर्सन् गर्न हुन्छ की भन्दा भित्र दर्सण पुजाहारि टहलुवालाई मात्रै भित्र दर्सन गर्नु हुन्छ" भन्ने थिति रहेको थाहा पाए पछि आफू राजा भए पनि स्थानीय चलन शिरोपर गर्दै मन्दिरभित्र नगई "सात दिनसम्म ढोकासम्म जाई पाठ पूजा जप् दर्सन गर्थ्या" भनी उल्लेख गरेका छन् । यसबाट स्थानीय संस्कृति र चलिआएको परम्परा र सोको संरक्षण गरिनु पर्ने कुरा प्रति उनमा रहेको आस्थाभाव र लगाव देख्न-बुझ्न सकिन्छ । उनले नेपालमा हिन्दु धर्म आधारभूत रुपमा रहेको उल्लेख गरेका छन् । त्यसैले उनले भनेका छन् "यो असिल हिन्दुस्थाना रहेछ । आफ्ना कुलाधर्म नछोड्नु ।" त्यस्तै "राजाले ठूलो निँआ निसाफ हेर्नु । अन्याय मुलुकमा हुन नदिनु । निँआ निसाफ बिगार्न्या भन्याको घुस् दिन्या र घुस षान्या [हुन्] यिन दुईको ता धन जिव गरि लियाको पनि पाप छैन । यी राजाका महासतुर हुन् ।" भन्ने उपदेशले न्यायका आधारमा देश चलाउने उनको नीति प्रष्ट हुन्छ । न्यायका लागि आर्थिक कुराहरूमा पनि उनले ध्यान दिएका छन् । उनको भनाई छ -"हामीले च्यांगापांगा लाई तिन सहर नेपाल र नौलाष किरायत र हिन्दुपतिको राज आर्ज्यथ्येउ ।" यसबाट उनले "आफ्ना देसका कपरा बन्न जान्यालाई नमना देषाई सधाउनु र बन्न लाउनु र यस्व भया नगद [वि]देस जादैन । आफ्नो देसको जिनिस जरिबुटि [वि]देश लैजानु र नगद षैचनु । नगद षैचि राषनु ।" भन्ने सन्देश जोडेका छन् ।

हिमवत् खण्डको असंलग्न परराष्ट्र नीतिको सुत्राधार पृथ्वीनारायण नै भए । दिव्य उपदेशमा "यो राजे दुई ढुंगाको तरुल जस्तो रहेछ" भनी उल्लेख गरी पृथ्वीनारायणले दुई ठूला राष्ट्रहरू बीच चेपिएर रहेको नेपालको चुनौतीहरू प्रति जनतालाई आकर्षित गरेको देखिन्छ । उनीहरूसँग सतर्क हुनका लागि सल्लाह दिँदै पृथ्वीनारायण भन्दछन् - "चीन बादशाहसित ठूलो घाहा राषनु । दषिनको समुन्द्रका बादशाह सित घाहा ता राषनु, तर त्यो महाचतुर छ । हिन्दुस्थाना दबाई राषेछ । सरजिमी मा परिरहेछ । हिन्दुस्थाना जाग्यो भन्दा कठिन पर्ला भनी किल्ला षोजन आउन्या छ । सन्धीसर्पन् हेरि गढि तुल्याई राषनु र रस्ता रस्तामा भाजा हालि राषनु र यक दिन त्यो बल आउन्या छ । जाइ कटक् नगर्नु । झिकी कटक् गर्नु ।" यसबाट सानो मुलुकले निहुँ खोज्ने होइन, खाली प्रतिरक्षात्मक युद्ध मात्र गर्ने हो भन्ने कुरालाई प्रष्ट गरिएको देखिन्छ ।

यस बाहेक पनि दिव्य उपदेशमा उपनिवेशवाद विरुद्ध यस्तो राष्ट्रिय सुरक्षाको अवधारणा उनीमार्फत नै आयो । दिव्य उपदेशमा पृथ्वीनारायणले त्यसबेला चारवटा शक्तिशाली बादशाह रहेको संकेत गरेका छन् । कुरा केवल चीन र मुगलानको मात्र थिएन । उनको विचारमा नेपालको 'तषत' एउटा किल्ला हो । यो किल्लामा बसी ती चारै बादशाहलाई ओह्रालो लगाउन सकिन्छ । उनले यो किल्ला ईश्वरले रचना गरेको माने । यसबारेमा कसैलाई सोध्नु पर्दैन भन्ने उनको मान्यता थियो । उपत्यकाको संरक्षणका लागि शिवपुरी, फुलचोकी, चन्द्रागिरी, महादेवपोखरी, पालङ, दाप्चा र काहुल्यामा सेना तैनाथ गर्ने उनको सल्लाह थियो । यी किल्लाहरू बलियो पारिराखे चारवटै बादशाह चढाइँ गरी आए पनि कसैको केही नचल्ने रहेछ भन्ने उनको भनाई थियो ।

एकीकरणमा परेका अधिकांश भुरेटाकुरे राज्यहरूलाई उनले स्वशासन दिए । कुनै बाइसी चौबीसी राज्यका नाम नामेसी वा पहिचान परिवर्तन गरिएन । न त पृथ्वीनारायणले धर्म र संस्कृति नै परिवर्तन गरे । आफ्नो फौजलाई र अन्य क्षेत्रहरूका फौजलाई नेपाली फौजमा परिणत गरे । राष्ट्रिय सेनाको निर्माण एउटा ठूलो प्रयोग थियो । आन्तरिक पूँजी निर्माणका लागि उद्योग र वाणिज्य क्षेत्रमा उनीद्वारा प्रतिपादित नीतिहरू आज पनि त्यत्तिकै महत्वपूर्ण छन् । नवएकीकृत देशको सामूहिक क्षमतामै त्यसपछिका उत्तर तथा दक्षिण दुवैतर्फसँग नेपालले पटक-पटक लडाइँ लडेको थियो । यी लडाइँहरूले नै नेपाललाई सम्पूर्ण रुपमा एकढिक्का पारेको थियो । नेपाली पहिचान र नेपाली राष्ट्रवादको शिल्पकारिता पृथ्वीनारायण शाहले नै सुरु गरेका हुन् । अरुको पनि यसमा लगानी छ । तथापि सुत्राधार पृथ्वीनारायण नै हुन् भन्ने कुरामा विवाद छैन ।

मुलुकको सुरक्षाका लागि सेनाको संगठन एवम् परिचालनका सम्बन्धमा दिव्य उपदेशमा प्रष्ट धारणा छ । यसबेलाको परिस्थिति अनुसार उनले उल्लेख गरेका छन् - "जड कुरो राजालाई चाहीन्या सिपाहिहरूको घरषेत् मिलाईदिनु र म्‌लजल् गर्छन र दुवै बोटि भित्र हाल्न पाउछन् र कबिलाको निर्फिक्रि हुन्छ । ढोका मा भया पनि गौडा मा भया पनि सिपाहिहरूको छाति बलियो रहन्छ ।" सेनाको कम्पनी कसरी तयार गर्ने र सुवेदार कसलाई बनाउने भन्ने बारेमा पनि उनका धारणा दिव्य उपदेशमा पाइन्छ । खस, मगर, गुरुङ्ग, ठकुरीको विरताको चर्चा गर्दै पृथ्वीनारायणले यी 'लुहा' च्याप्न सक्ने जात हुन् र तरबार गर्दा पनि साहो हुन्छ भनी उल्लेख गरेका छन् । "राजाका सार भन्याका सिपाहि र रैतिहरू हुन् । राजा चतुर भया सिपाहि र

रैति हात हात गरि राष्नु र हलकुल हुन पाउँदैन । सिपाहि भन्याको तिषारि राख्नु । तिषारिराख्याका सिपाहि कसैका मलाजामा पस्तैनन् र आफ्नु काज फत्य हुन्छ ।" त्यसैले उनी भन्दछन् - "बैरि त क्या इन्द्र को आसन् पनि डगाईछ । हजारौं धना । हजारै पथर्कला । हजारौं षुडा, हजारौं तोप भया इन्द्रको आसन पनि डगाइछ ।" आफ्नो सेना प्रतिको यस्तो प्रतिबद्धता नभएको भए सम्भवतः एकीकरण सफल हुन सक्ने थिएन ।

यसै सन्दर्भमा दिव्य उपदेशले उल्लेख गर्दछ - "कास्मेरिषान् नवाफ् मकवानपुरमा चढ्यो र छअविस् षोडा ले काटि धर्काई सिवाना कटाई आत्रां । तिन् चार पल्टन् लिएर सिङुलि गढि मा हांडीसाहेब चढ्यो र वाहीं पनि काटि पथर्कला च्याति ल्यात्रा र लषनौ बाट तिन मसल्मा मेरो चाकरिलाई नुवाकोटमा पिछा परि आयाका थिया ... यिनै बन्दुकको तलु कलायेत तिनै मुसरमानले जान्याको रहेछ र सेष जरवर ममतकि भेषासि तिनै जनालाई अजिटनी दियां तिलंगा सधायाको हो ।" सुरक्षाको आफ्नो दृष्टिकोणलाई प्रष्ट गर्दै पृथ्वीनारायण उल्लेख गर्दछन् -"नेपालको किताप हेर्दा तुर्काना मंग्रात् गुग्लाना हुन्या रहेछ र तुरकाना अधि भैगये छ । मतरात्को राजा मै हुं । मुग्लानाको दोस् मेट्नालाई आधा थुम मेटि कंपनी जमायाको हो । आधा षुडा आधा पथरकला बनायाको हो ।"

एकीकरण राजा पृथ्वीनारायणको महत्वाकांक्षा मात्र थिएन । यसका लागि तत्कालीन अवस्थाका वस्तुगत परिस्थितिहरू पनि विद्यमान थिए । उनी जन्मनुभन्दा अघि मात्र रोबर्ट वालपोल बेलायतको प्रधानमन्त्री भएका थिए । बेलायतको बढ्दो सैन्यशक्ति त्रासको विषय भइसकेको हुन्छ । रुसका राजा (जार) पिटर द ग्रेटले त्यहाँको राज्यमा ठूलो भूमिका पाएको अर्थोडक्स चर्चको सुधार गर्न थालेका हुन्छन् । तथापि रुस र पर्सिया बीच युद्ध सुरु भइसकेको हुन्छ । अफगानहरूले त्यसबेलाको शक्तिशाली राष्ट्र इरानलाई जितिसकेका हुन्छन् । चीनका कांशी बादशाह भर्खर बितेका हुन्छन् । उनको जन्मपछि पर्सियालाई कन्स्ट्याण्टिनोपोल सन्धि अन्तर्गत रुस र अटोमान साम्राज्यले बाँडिचुँडी खाएका हुन्छन् । अंग्रेज र स्पेनीसहरू बीचको युद्ध त्यसपछिको अर्को ठूलो घटना थियो । पृथ्वीनारायण शाह किशोर उमेरमा टेक्दानटेक्दै रुस र टर्कीका बीच चार वर्षे घमासान युद्ध सुरु भइसकेको हुन्छ । चीनका प्रभावशाली सिङ्ग लङ्ग बादशाहको राज्य विस्तारको कार्यक्रम दह्रो गरी सुरु भइसकेको हुन्छ । यता हिन्दुस्तानमा मुगलहरूको बिजोग सुरु भइसकेको थियो । यी टुक्राटुक्रा हुँदै थिए । पर्सियाका नादिर शाहको आक्रमणबाट मोहम्मद शाह निकै पीडित थिए । युरोपमा प्रोटेस्टेण्ट र क्याथोलिक बीचको पटक-पटक युद्ध भएझैं यस क्षेत्रमा मुस्लिम र हिन्दुराज्यहरू भिड्न सुरु गरिसकेको थिए । चतुर बेलायती तथा फ्रान्सेलीहरू हिन्दुस्थान खाने तयारीमा जुटिसकेका थिए । यो खेलमा बेलायती 'महाचतुर' देखिए । दिव्यउपदेशमा टर्की, चीन र हिन्दुस्थानका बारेमा सावधान गर्नुपर्ने कारण सम्भवतः तिनै थिए होलान् ।

नेपाललाई संसारको प्राचीनतम मुलुकहरूमध्ये एक भएको गौरव छ । नेपालको इतिहासमा पृथ्वीनारायण शाहको त्यति नै महत्व छ जति महत्व फ्रान्सको इतिहासमा नेपोलियन बोनापार्ट (१७६९-१८२९), जर्मनीको इतिहासमा अट्टोभान विस्मार्क र इटलीको इतिहासमा जुसेप्प गरिबाल्डी वा प्रधानमन्त्री काभोरको छ । यी सबैको राष्ट्रिय चुनौती र परिवेश फरक थिए । विस्मार्कले जर्मनीका भुरेटाकुरे राज्यहरू तथा प्रसियालाई मिलाएर एउटा ठूलो जर्मन राज्यको एकीकरण गरे । उनले बनाएको नयाँ मुलुक रगत र इस्पातले बनेको उनको दाबी थियो । जर्नेल नेपोलियन बोनापार्टले क्रान्तिको माध्यमबाट आफ्नो मुलुकलाई विश्वस्तरीय साम्राज्यमा रुपान्तरण गरे । जर्नेल गरिबाल्डी र प्रधानमन्त्री काभोरको क्षमताका कारण इटली एउटा समृद्धशाली एकीकृत मुलुकका रुपमा निर्माण हुन पुग्यो । यी सबै इतिहासका लौहपुरुष मानिन्छन् । तर यी सबैभन्दा पुराना भए पनि पृथ्वीनारायण शाह बढी आधुनिक तथा बहुआयामिक र राजनीतिक रुपमा बढी परिपक्व देखिन्छन् । उनले नेपाल एकीकरण मात्र गरेनन् । नेपालको स्थापनाकालीन सिद्धान्तहरू पनि कायम गरे । यी सिद्धान्तहरू नेपालका सम्बन्धमा आज पनि अकाट्य सत्यका रुपमा पढिन्छन् । एकताको सुत्रका रुपमा ऐतिहासिक कालमा यसको ठूलो महत्व थियो । आज पनि तिनको महत्व घटेको छैन ।

*(अधिकारी काठमाण्डौ विश्वविद्यालय स्कूल अफ ल का डीन हुनुहुन्छ ।)*